सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली  २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

# स्वतः प्रकाशन गर्नु पर्ने विवरण

(Proactive Disclosure)

2082 बैशाख १ गते देखि २०८२ असार मसान्त सम्म

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ,
बर्दिया

# स्वत: प्रकाशन (Proactive Disclosure)

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक तथा सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(3) र सूचनाको हक सम्वन्धि नियमावली, २०६५ को नियम ३ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३-३ महिनामा प्रकाशन गर्नु पर्ने व्यवस्था रहेको छ । कानुनी व्यवस्थाको पालनाका साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, बर्दियाले २०८२ बैशाख १ गते देखि २०८२ असार मसान्त सम्ममा गरेका कार्यहरुको यथार्थ जानकारी आम नागरिकहरुमा होस भन्ने अभिप्रायले आ.ब. २०८१//८२ को चौथो त्रैमासिक अवधिमा सम्पादन भएको कार्यको विवरण यस प्रकार प्रस्तुत गरिएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, बर्दिया

मिति : २०८2 असार मसान्त

**क) निकायको स्वरुप र प्रकृतिः**

❖ **परियोजनाको परिचय :**

स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार भएको कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजना हो । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक

प्रविधि तथा उत्पादन सामाग्रीको व्यवस्था, उत्पादनमा यन्त्रिकीकरण, प्रसोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना यस परियोजनाले गरेको छ ।

### ❖ परियोजनाको सोच :

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने

### ❖ लक्ष्य :

समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने ।

### ❖ उद्देश्यहरु :

क. प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने
ख. निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने
ग. कृषि लाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने
घ. बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने .

### ❖ परियोजनाका रणनीतिहरु :

1. भूमिको बैज्ञानिक उपयोग
2. आधुनिक कृषि प्रविधिहरुको अवलम्वन
3. कृषिमा यान्त्रिकीकरण
4. कृषि उपजहरुको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरुको विकास
5. कृषि अनुसन्धान - शिक्षा - प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकिकरण
6. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्वन
7. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिबृद्धि
8. वातावरण परिवर्तन अनुकुलित कृषि प्रणाली अबलम्वन

### ❖ परियोजनाका सम्भागहरु :

1. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम
2. व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम
3. व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम
4. बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन ) विकास कार्यक्रम

### ❖ परियोजना संचालनको अवधारणा :

1. कृषि योग्य जमिनको चक्लाबन्दी
2. विशिष्टिकृत व्यवसायिकरण
3. उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास
4. अन्तर्राष्ट्रियरुपमा बजारमा प्रतिस्पर्धी कृषि र औद्योगिकरण
5. उपलब्धिमा आधारित सहजीकरण

### ❖ कार्यक्षेत्र:

| जोनहरुको विवरण | कार्यक्रम संचालन हुने क्षेत्र | शुरु आ.व. | कैफियत |
|---|---|---|---|
| **धान जोन** | खजुरा गा.पा.को वडा नं.२ र ४<br>जानकी गा.पा.को वडा नं.१,२,३,र ४<br>बैजनाथ गा.पा. को वडा नं. २,३,४,7 र ८ | 2078/79 | बाँके |
| **तरकारी जोन** | खजुरा गा.पा. वडा नं. २,३,४ र ५, | 2081/82 | बाँके |

| | | | |
|---|---|---|---|
| | जानकी गा.पा.वडा नं.३,<br>वैजनाथ गा.पा.वडा नं.७,<br>डुडुवा गा.पा.वडा नं. २,३, र ६<br>कोहलपुर न.पा. वडा नं. ३,१५<br>नेपालगञ्ज उ.म.न.पा. वडा नं. १०, १५, १६ र १७ | | |
| **गाई भैंसी जोन** | बाँसगढि न.पा.२,३,४,५,६,७,८, र ९<br>बारबर्दिया न.पा. १,२,३,७,८ र ९<br>ठाकुरबाबा न.पा १,२,३,४, र ५ | 2081/82 | बर्दिया |
| **धान सुपरजोन** | राजापुर न.पाका सबै वडाहरु,<br>गेरुवा गा.पाका सबै वडाहरु,<br>ठाकुरबाबा न.पा.को वडा नं.९,<br>बारबर्दिया न.पा को वडा नं.३ र४ | 2075/76 | बर्दिया |
| **केरा जोन** | गुलरिया न.पा.को १,२,३,४,५,६,७,८,र ९<br>मधुवन न.पा.को वडा न. ५,६,७,८ र ९<br>बाँसगढी न.पा.को वडा नं .१,2 र ३ | 2078/79 | बर्दिया |
| **माछा जोन** | बढैयाताल गा.पा.को सबै वडाहरु,<br>ठाकुरबाबा न.पा.को वडा नं.१,३,४,५,७,८ र ९,<br>बारबर्दिया न.पा.को वडा नं. ३,४, ९ र १०,<br>बाँसगढी नं.पा को वडा नं. ४,५,६,७,८र ९,<br>गुलरिया न.पा.को वडा नं. २,४,५ र ६,<br>मधुवन न.पा.को वडा नं. २,३ र ४ | 2078/79 | बर्दिया |

**ख) निकायको काम कर्तव्य र भुमिकाः**

- जोन/सुपरजोन विकासको लगि तय भएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।
- परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उधमीहरुको अभिमुखीकरण तथा क्षमता विकास गर्ने ।
- सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रुपमा कार्य गर्ने तथा बाली विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध र पहुँच स्थापना गर्ने ।
- बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमुलक समन्वयको व्यवस्था मिलाउने ।
- जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयसँगको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने ।
- जोन/सुपरजोनमा भएका विधमान प्रविधि र पुर्वाधारहरुको अभिलेख तयार गर्ने ।
- जोन/सुपरजोनमा भएका विधमान प्रविधि र पुर्वाधारहरुको अभिलेख तयार गर्ने ।
- जोन/सुपरजोन अन्तर्गतका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उधमी तथा कृषि सहकारीहरुको विवरण अध्यावधिक गर्ने ।
- परियोजनाको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोगी कार्यक्रम सञ्चालन गर्ने ।
- जोन/सुपरजोन अन्तर्गत सामुहिक खेती, सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती प्रवर्द्धन गर्ने नीतिलाइ कार्यान्वयन गर्ने ।
- जोन/सुपरजोन अन्तर्गत कृषि पुर्वाधारहरुको विकास गर्ने ।
- परियोजनाका सरोकारवालाहरु (स्थानिय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने ।
- परियोजनाको प्रगति नियमित रुपमा परियोजना व्यवस्थापन एकाइमा प्रतिवेदन गर्ने ।
- परियोजनाबाट तोकिएका परियोजना कार्यान्वयन एकाइले प्रदेश स्तरमा समन्वय र रिपोर्टिङ्गको समेत कार्य गर्ने ।
- सञ्चालित जोन र सुपरजोनको प्रोफाइल तयार गर्ने ।
- जिल्लामा सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रमको लागि परियोजनाको समन्वय एकाइको रुपमा कार्य गर्ने ।

- 

**ग) निकायमा कार्यरत कर्मचारी संख्याः**

| क्र.सं. | स्वीकृत पद | श्रेणी | स्वीकृत दरबन्दी संख्या | पदपूर्ती | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बरिष्ठ कृषि अधिकृत | रा.प.द्वि.प्रा. | १ | १ | 0 | स्थाइ कर्मचारी बाट पदपुर्ति हुने गरि |
| २. | कृषि अधिकृत | रा.प.तृ.प्रा. | २ | २ | 0 | |
| ३. | नायब सुब्बा | रा.प.अन.प्र | १ | १ | 0 | |
| ४. | लेखापाल | रा.प.अन.प्र | १ | १ | 0 | |
| ५. | प्राविधिक सहायक | रा.प.अन.प्र.प्रा | २ | 2 | 0 | |
| ६. | कृषि अधिकृत | रा.प.तृ.प्रा. | २ | 2 | 0 | करार सेवाबाट पदपुर्ति हुनेगरि |
| ७. | नायव प्राविधिक सहायक | रा.प.अनं.द्धि.प्रा. | 6 | ६ | 0 | |
| ८. | हलुका सवारी चालक | श्रेणी विहिन | १ | १ | ० | |
| ९. | कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ३ | 0 | |
| | **जम्मा** | | **१८** | **19** | **0** | |

**घ) निकायबाट प्रदान गरिने सेवाः**

| क्र.स. | विवरण | सुविधा |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा, पशु नश्ल लगायत) | बढीमा 50 प्रतिशत |
| 2 | प्राविधिक सहयोग तथा प्रविधि परीक्षण र प्रदर्शन | बढीमा १00 प्रतिशत |
| 3 | प्रयोगशाला सेवाहरु | बढीमा 85 प्रतिशत |
| 4 | कृषि औजार तथा यन्त्र उपकरणहरु | बढीमा 50 प्रतिशत |
| 5 | साना सिँचाई पुर्वाधारहरु | बढीमा 85 प्रतिशत |
| 6 | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पुर्वाधारहरु | बढीमा ८५ प्रतिशत |
| 7 | नविनतम प्रविधिको विस्तार | बढीमा ८५ प्रतिशत |

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

**प्रविधि विस्तार शाखाः** कृषि अधिकृत श्री युवराज वि.क.
कृषि अधिकृत श्री गणेश प्रसाद यादव
प्राविधिक सहायक श्री नरेन्द्र कुमार सुनार
प्राविधिक सहायक श्री मान बहादुर खत्री

**प्रशासन शाखाः** ना.सु. श्री बिमला भण्डारी

**लेखा शाखाः** लेखापाल श्री अर्जुन आचार्य

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

सेवाको प्रकृति अनुसार लाग्ने ।

**छ) निर्णय उपर उजुरी सन्ने अधिकारी**

कार्यालय प्रमुख बरिष्ठ कृषि अधिकृत श्री बीरेन्द्र राज पराजुली

**ज) सुचना अधिकारी र कार्यालय प्रमुखः**

कार्यालय प्रमुखः श्री बीरेन्द्र राज पराजुली (9858034444)
सुचना अधिकारीः युवराज वि.क. (9858034443)

**झ) यस आ.व. 2081/82 मा प्राथमिकताका कार्यक्रमहरु**

क. जोन स्तरमा परियोजना अभिमुखिकरण ।
ख. प्रविधि तथा प्राविधिक सहयोग।

ग. साना सिंचाई निर्माण तथा मर्मत सम्भार सहयोग ।
घ. कृषि यान्त्रिकरणका लागि सहयोग।
ङ. चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धीका लागी सहयोग।
च. स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माण सहित अन्य पूर्वाधार सहयोग
छ. मसिना धान प्रवर्धन कार्यक्रम ।
ज. कस्टम हायरिङ्ग सेन्टर स्थापना।
झ. प्रशोधन उद्योग/औद्योगिकरण सहयोग।
ञ. तरकारी नर्सरी स्थापनाको लागि टनेल/घर निर्माण।
ट. तरकारीवालीको नर्सरी स्थापनाको लागि गुमोज स्थापना सहयोग कार्यक्रम।
ठ. धान बिज वृद्धि सहयोग karyakram।
ड. माछा भुरा वितरण (ढुवानी सहित)।
ढ. माछा बजारीकरण तथा पोष्ट हार्भेष्ट सहयोग।
ण. मछा क्षेत्र विस्तार नयाँ पोखरी निर्माण तथा पुराना पोखरी मर्मत सुधार।
त. केराको क्षेत्रफल बिस्तार कार्यक्रम।
थ. औद्योगिक संरचना निर्माण तथा मेशिनरी सहयोग।
द. गोठ निर्माण तथा सुधार सहयोग कार्यक्रम।
ध. चैते धानको क्षेत्रफल विस्तार।
न. व्यवासायिक प्याज प्रबर्द्धन कार्यक्रम

**ञ) अनुदान वितरणमा अवलम्बन गरिएका पकृयाहरु**

- अनुदान मागको लागी सुचना प्रवाह
- माग संकलन
- फिल्ड भेरिफिकेशन
- प्रस्ताव छनौट
- कार्यक्रम सञ्चालनको लागी ंइस्टिमेट तयारी तथा सम्झौता
- कृषक द्वारा कार्यक्रम संचालन
- सञ्चालित कार्यको अनुगमन/मुल्याङ्कन
- कार्यप्रगतिको आधारमा भुक्तानि

**ट) सम्पादन गरेको कामको विवरण**

(2082 बैशाख 1 देखि 2082 असार मसान्तसम्म)

| क्र.स | सञ्चालित क्रियाकलाप | एकाइ | लक्ष्य | प्रगति | खर्च (रु लाख) | प्राप्त उपलब्धिहरु |
|---|---|---|---|---|---|---|
| 1 | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | संख्या | 86 | 86 | 108.48 | 120 हेक्टर क्षेत्रफलमा सिँचित क्षेत्रको विस्तार भएको । |
| 2 | स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माण सहित अन्य पूर्वाधार सहयोग | संख्या | 1 | 1 | 9.97 | 100 मे.ट. क्षमताको गोदाम घरमा चैतेधान भण्डारण गर्न सकिने भएको । |
| 3 | बीउ/ प्रशोधन उद्योग/ पोष्ट हार्भेष्ट लक्षित लेभलिङ्ग प्याकेजिङ्ग सहयोग | पटक | 1 | 1 | 5.1 | चैते धान र मसिना धानको बीउ तथा चामल प्याकेजिङ्ग बोरामा बजारीकरणमा सहयोग । |
| 4 | मसिना धान प्रवर्धन कार्यक्रम | हेक्टर | 100 | 100 | 7.97 | हर्दिनाथ-6, सामा मन्सुलि सब-1, रामधान जातका मसिना धानको उत्पादन वृद्धी हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5 | बाली चक्र व्यवस्थापन कार्यक्रम | पटक | 3 | 3 | 2.04 | चैतेधान उत्पादन हुने क्षेत्रमा जग्गा सदुपयोगको लागी तोरीको बीउ उते |
| 6 | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/Crop consolidation/ यन्त्र मैत्री गह्रा सुधार) | वटा | 6 | 6 | 38.35 | 50 हे. मा धान र 10 हे. मा तरकारीको उत्पादन । यान्त्रिकरण, सिँचाइ सामग्री लगायतका उत्पादन सामग्रीमा सहयोग । |
| 7 | कस्टम हायरिङ्ग सेन्टर स्थापना | पटक | 2 | 2 | 30 | मिनि कम्बाइन हार्भेष्टर, बेलर, ट्याक्टर, थ्रेसर, रोटाभेटर, कल्टीभेटर सामग्रीमा सहयोग मार्फत लागत न्युनिकरण तथा समयको बचत हुने । |
| 8 | प्रशोधन उद्योग/औद्योगिकरण सहयोग | पटक | 1 | 1 | 19.5 | आधुनिक चामल मिलको स्थापन मार्फत धान जोन क्षेत्रमा उत्पादित धानको प्रशोधन हुने । |
| 9 | धान बीज वृद्धी सहयोग कार्यक्रम | हेक्टर | 60 | 60 | 3.86 | हर्दिनाथ-1, चैते-5, रामधान, सामा मन्सुली सब-1 को बीज वृद्धी हुने । |
| 10 | व्यवसायिक बीज बृद्धि कार्यक्रम सहयोग | हेक्टर | 10 | 10 | 1.46 | हर्दिनाथ-6, रामधान, सामा मन्सुली सब-1, राधा-4 धानको बीउ उत्पादन वृद्धी हुने । |
| 11 | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | 6 | 6 | 80.32 | थ्रेसर, रोटाभेटर, कल्टीभेटर, पावरटिलर, मिनिटिलर, रिपर, बताउने पंखा, स्प्रेटंकी, चापकटर, कम्बाइन मिल, दाना मेशिन, एरियटर सामग्रीमा सहयोग । |
| 12 | जोन प्रभाव क्षेत्रमा मसिना धानको क्षेत्रफल विस्तार | हेक्टर | 50 | 50 | 4.77 | हर्दिनाथ-6, सामा मन्सुलि सब-1, रामधान जातका मसिना धानको उत्पादन वृद्धी हुने । |
| 13 | माछा भुरा वितरण (ढुवानी सहित) | हेक्टर | 25 | 25 | 1.86 | 4 लाख ९६ हजार माछा भुरामा अनुदान सहयोग । समयमै भुरा उपलब्ध हुने । |
| 14 | माछा बजारीकरण तथा पोष्ट हार्भेष्ट सहयोग | पटक | 1 | 1 | 4.28 | जिँउदो माछा बिक्रिवितरणको लागी २ वटा कन्डिसनिङ्ग ट्याङ्गको निर्माण गरिएको । |
| 15 | माछा क्षेत्र विस्तार नयाँ पोखरी निर्माण तथा पुराना पोखरी मर्मत सुधार | हेक्टर | 8 | 3 | 7.42 | 3 हे. नयाँ पोखरी निर्माण भएको, माछाको थपि उत्पादनमा वृद्धी हुने । |
| 16 | माछाको रोग/परजिवि निदान तथा उपचार सेवा एवं सेवा विस्तार | पटक | 4 | 4 | 2.05 | पानीको गुणस्तर व्यवस्थापनको लागी चुना, मिनिरल्स, अटोम्याक्स वितरण भएको । |
| 17 | केराको क्षेत्रफल बिस्तार कार्यक्रम | हेक्टर | 40 | 40 | 23.6 | ४० हे. क्षेत्रमा जी-नायन जातको केराको क्षेत्र विस्तार भएको, उत्पादनमा थप वृद्धी हुने भएको । |
| 18 | औद्योगिक संरचना निर्माण तथा मेशिनरी सहयोग | पटक | 1 | 1 | 16.5 | केराको थाम प्रशोधन गरि रेसा, भर्मिकम्पोष्ट तथा मल्टिन्युट्रिन्ट उत्पादनको लागी प्रशोधन मेशिनको जडान तथा उत्पादन कार्यको थालनी गरिएको। |
| 19 | तरकारी बालीको क्षेत्र विस्तार कार्यक्रम (तरकारी विकास कार्यक्रम) | हेक्टर | 20 | 10 | 1.63 | विभिन्न सिजनल तथा अफसिजन तरकारीको क्षेत्र विस्तारको लागी बीउ, मल्चिङ्ग प्लाष्टक, विषादी, ट्रयापमा अनुदान सहयोग । |
| 20 | अनुदान पोष्ट हार्भेष्ट सामग्री वितरण | पटक | 1 | 1 | 2.03 | प्लाष्टिक क्रेट र ई-तराजुमा अनुदान मार्फत तरकारी बजारीकरणमा सहयोग पुग्ने । |
| 21 | तरकारी नर्सरी स्थापनाको लागि टनेल/घर निर्माण | संख्या | 3 | 1 | 4.54 | विभिन्न सिजनल तथा अफसिजन तरकारीको उत्पादन गर्न सहज हुने । |
| 22 | तरकारी खेतीका लागि अस्थायी टनेल | संख्या | 25 | 10 | 1.43 | विभिन्न सिजनल तथा अफसिजन तरकारीको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | निर्माण सहयोग | | | | | उत्पादन गर्न सहज हुने । |
| 23 | घाँसबाली प्रवर्द्धन कार्यक्रम | संख्या | 100 | 100 | 1.24 | 1600 के.जी. टियोसेन्टेको बीउ वितरण गरि घाँस उत्पादन तथा दुध उत्पादनमा वृद्धी हुने । |
| 24 | पशुनश्ल सुधार कार्यक्रम | पटक | 1 | 1 | 0.65 | गाइ/भैसीको नश्ल सुधारमा प्रयोग हुने सामग्रीमा अनुदान द्वारा पशु नश्ल सुधार हुने । |
| 2५ | गोठ निर्माण तथा सुधार सहयोग कार्यक्रम | संख्या | 50 | 50 | 24.57 | 35 वटा 6 पशु क्षमताको व्यवस्थित खोठ निर्माण तथा 15 गोठ सुधार मार्फत थप दुध उत्पादन बढ्ने |
| 26 | चैते धानको क्षेत्रफल विस्तार | हेक्टर | 600 | 750 | 8.85 | 750 हेक्टरमा चैते-5, र हर्दिनाथ-6 को क्षेत्र विस्तार भइ 4380 मे.ट. धानउत्पादन तथा उत्पादकत्वमा वृदी भएको । |
| 27 | व्यवासायिक प्याज प्रबर्द्धन कार्यक्रम | पटक | 2 | 1 | 1.39 | नासिक-53 जातको 130 के.जी. प्याजको बीउ वितरण मार्फत 12 हेक्टरमा खेती भइ 1820 मे.ट. उत्पादन भएको । |

**ठ) ऐन नियम विनियम वा निर्देशिकाको विवरण:**
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल 2077 (पहिलो संशोधन 2081)

**नितिहरु:**

- राष्ट्रिय कृषि निति 2061
- कृषि जैविक विविधता नीति 2063 (पहिलो संसोधन 2071)
- कृषि व्यवसाय प्रवर्द्धन निति 2063
- कृषि यान्त्रिकरण प्रवर्द्धन निति 2071

**निर्देशिका**

- कृषि प्रसार कार्यक्रम सञ्चालन निर्देशिका तथा नर्म्स
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा तथा संचालन सम्बन्धी मार्गदर्शन, २०७६
- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०७६
- आ.व. २०७७/०७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण मार्फत पठाइएका
- कार्यक्रमहरुको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ तथा तथ्याङ्क व्यवस्थापन सम्बन्धी मार्गदर्शन

**कार्यविधि**

- कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि २०७५
- कृषि उपज भण्डारण घर निर्माण कार्यन्वयन कार्यविधि २०७५
- क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५
- कृषि पूर्वाधार विकास कार्यविधि २०७५
- कृषि सूचना कार्यविधि २०७५
- कृषि तथ्याङ्क संकलन, प्रशोधन र प्रविष्टी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७४

**ड) सार्वजनिक निकायको वेवसाइट भएको भए:** www.piubardiya.pmamp.gov.np
**ढ) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवम प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण:** छैन
**ण) सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सुचना संरक्षण गर्न तोकिएको समयावधि:** छैन
**त) सार्वजनिक निकायमा परेको सुचना माग सम्बन्धि निवेदन र सो उपर सुचना दिइएको विषय:** हालसम्म लिखित रुपमा सुचना माग नभएको ।
**थ) आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण:**

| क्र.स. | परियोजना कार्यान्वयन एकाइ | चौथो त्रैमासिक विनियोजन | | | चौथो त्रैमासिक खर्च | | | चौथो त्रैमासिक वित्तीय प्रगती प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा |
| १ | **बर्दिया** | **0** | **150.52** | **150.52** | **43.93** | **372.29** | **416.22** | **0** | **247.34** | **276.5** |
| | **जम्मा** | **0** | **150.52** | **150.52** | **43.93** | **372.29** | **416.22** | **0** | **247.34** | **276.5** |

**द) सार्वजनिक निकायमा सुचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने विवरणः**

- कार्यालयको सुचना पार्टी
- आवश्यकता अनुसार एफ.एम. रेडियो पत्रपत्रिका
- वार्षिक तथा त्रैमासिक प्रतिवेदन
- **Web :** www.piubardiya.pmamp.gov.np
- **E-mail :** pmamp.piu.bardiya@gmail.com
- Facebook : https://www.facebook.com/pmamp.rajapur.1

युवराज वि.क.
कृषि अधिकृत
**(सुचना अधिकारी)**
परियोजना कार्यान्वयन एकाइ, बर्दिया